# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८०।१२।१९**

पलाँता गाउपालिकामा संचालित सबैका लागि दिगो खानेपानी सरसफाइ तथा स्वच्छता परियोजना (सुस्वा) अन्तरगत पलाँता गाउँपालिकामा संचालित खानेपानी सरसफाई तथा स्वच्छता योजना निर्माणहरुका लागि परियोजना खरिद निर्देशिका बमोजिम खानेपानी सरसफाई तथा स्वच्छता योजना निर्माण गर्नका लागि विभिन्न समानहरु खरिद गर्नका लागि मिति २०८०।११।१७ गतेका दिन देखि १५ दिने म्याद राखि दरभाउ पत्र आह्वान गरेकोमा उक्त समय भित्र देव निर्माण सेवा कुशे गाउँपालिका ८ जाजरकोट निर्माण सेवा सँग मिति २०८०।१२।०८ गते सम्झौता विभिन्न कारणले उक्त सम्झौता रद्ध भएकाले दोस्रो पटक ७ ( सात) दिनको सुचना प्रकाशित गरिएको छ। उक्त समय भित्र इच्छुक मूल्य अभिवृदिकरमा दर्ता भएका फर्म वा सप्लायर्सहरुले निम्म शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउपत्रको आह्वान गरिएको छ।

शर्तहरु :

१. **विभिन्न आवश्यक निर्माण सामग्री, पाइपहरु, फिटीङ्स् तथा औजारहरु सप्लाई सम्बन्धी दरभाउपत्र फाराम प्रति फाराम रु. ३००० अक्षरेपी रु. तीन हजार मात्र (पछि फिर्ता नहुने गरी) पलाँता गाउँपालिकाको नबिल बैंक पलाँता शाखामा रहेको सञ्चित/आन्तरिक कोष खाता नं. ०७५०१०१७५००२६३ मा जम्मा गरी लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौ दिनको कार्यालय समय भित्र सम्बन्धित गाउँपालिकाको कार्यालय, जिल्ला समन्वय समिति, दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजना, आयोजना सहयोग इकाई सुखेतवाट खरिद गर्न सकिने छ।**

२. **खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ८ औं (आठौं) दिनको दिउसो १२:०० बजे भित्र फाराम खरिद गरिएको कार्यालय वा सम्बन्धित पलाँता गाउँपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ। साथै दरभाउ पत्र खरिद गरेको सक्कलै बैंक जम्मा भौचर सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा वास वफिटीङ्गसहरु नेपाल गुणस्तर चिन्ह प्राप्त सप्लाइर्ले सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरामा लेख्नुपर्नेछ।**

३. **सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ। हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८ औं (आठौं) दिनको दिउसो १२.०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ।**

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुले समुह "क" को हकमा पलाँता गाउँपालिका वडा न ९ घाटाचौर **मा रहेको उपभोक्ता समितिहरुको** गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन। तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी मिति २०८०|१२|२८ गते पलाँता गाँउपालिकाको कार्यालय मा दिनको दिउसो १२.०० बजे उपभोक्ता समिति र खरिद समितिका प्रतिनिधिहरु, साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ।

७. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ।

१०. अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ। थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ।

११. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना पलाँता गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ।

१२. अन्य थप जानकारी चाहिएमा पलाँता गाउँपालिका वास संयोजकको सम्पर्क नं.९८४२६५५०७८ मा र प्राविधिक सहजकर्ताको सम्पर्क नं.९८४५५९५७५० सम्पर्क गर्न सकिनेछ।

तपसील

समुह क

१. नुहारे झ्यामछडी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, कालीकोट जिल्ला पलाँता गाउँपालिका वडा नं. ९

संयुक्त खरिद समिति
पलाँता गाउँपालिका,कालिकोट